"जनआकांक्षा पूरा गर्ने हाम्रो संकल्पः दिगो विकास र सुशासन मात्र विकल्प"

# आर्थिक बर्ष २०८३/०८४ को
# आय व्यय विवरण
# बजेट, योजना तथा कार्यक्रम

सुनिलस्मृति गाउँपालिका
सुलिचौर, रोल्पा
लुम्बिनी प्रदेश
२०८३/०३/०९

## सुनिलस्मृति गाउँपालिकाको अठारौं गाउँसभाको दोस्रो बैठकमा गाउँपालिका उपाध्यक्ष मिना थापाले मिति २०८३ असार ०९ गते पेश गर्नुभएको

# आ.ब. २०८३/०८४ को
# बजेट, योजना तथा कार्यक्रम

सुनिलस्मृति गाउँपालिका
सुलिचौर, रोल्पा
लुम्बिनी प्रदेश
२०८३/०३/०९

गाउँसभाका सभाध्यक्ष महोदय,

गाउँसभाका सदस्य, सभाका सचिव, सभामा उपस्थित राजनितिक दल, विभिन्न क्षेत्रका विज्ञ, निजी क्षेत्र, सहकारी क्षेत्र, विकास साझेदार, सञ्चार जगत र नागरिक समाज लगायत सम्पूर्ण सरोकारवाला तथा राष्ट्रसेवक कर्मचारीहरु त्यसैगरी रेडियो तथा सामाजिक संजाल मार्फत लाइभमा सुनि तथा हेरिरहनु भएका, आमा, बुवा, दाजुभाइ तथा दिदीबहीहरु ।

१. नेपालको संविधानको धारा २३० बमोजिम सुनिलस्मृति गाउँपालिकाको यस गरिमामय सभा समक्ष सुनिलस्मृति गाउँपालिकाको उपाध्यक्षको हैसियतले आर्थिक वर्ष २०८३/०८४ को बजेट प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूती गरेकी छु ।

२. संङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि भएका ऐतिहासिक जनआन्दोलन, दश वर्षे जनयुद्ध, सशस्त्र संघर्ष, त्याग र वलिदानीको क्रममा आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात महान् सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, विभिन्न कालखण्डका आन्दोलनका क्रममा वेपत्ता पारिएका नागरिक घाइते तथा अपांङ्गता भएका योद्धा, शहीद परिवार एवम् राजनितिक परिवर्तन र जनअधिकारका आन्दोलनहरुमा अमूल्य योगदान पुर्याउनु हुने सम्पूर्ण आदरणीय देशवासी आमा, बुवा दाजुभाइ तथा दिदीबहिनीहरुलाई आदरपूर्वक स्मरण गर्न चाहान्छु ।

३. बिशेषगरी गाउँवासीको बृहत्तर हितलाई केन्द्रबिन्दुमा राखी नेपालको संविधान, नेपाल सरकारको सोह्रौ योजना, लुम्बिनी प्रदेश सरकारको दोश्रो पञ्चवर्षीय योजना, सुनिलस्मृति गाउँपालिकाको दोश्रो पञ्चवर्षीय योजना दिगो विकास लक्ष्य र सुनिलस्मृति गाउँपालिकाको नीति तथा कार्यक्रमलाई आधार मानी यो बजेट तर्जुमा गरेका छौ ।यस बजेटले स्थानीय सेवा प्रवाह र विकासमा सहयोग पुगी रोजगारी सिर्जनामा टेवा पुग्ने विश्वास गरेका छौ । त्यसैगरी यसबाट स्थानीय सरकारको संस्थागत सुदृढीकरण तथा प्रभावकारीतामा समेत वृद्धि हुने अपेक्षा गरेका छौ ।

४. बजेट तर्जुमा गर्दा **जनआकांक्षा पुरा गर्ने हाम्रो संकल्पः दिगो विकास र सुशासन मात्र विकल्प** को सोचंका साथ सुनिलस्मृति गाउँपालिकाको दोश्रो पञ्चवर्षीय योजनाले तय गरेको विकासको मार्गचित्र पूरा गर्न सेवा प्रवाहलाई गुणस्तरीय, सरल र सहज बनाउन, स्थानीय विकासमा नागरिक सहभागीता मार्फत स्थानीय श्रोत साधन र सिपको प्रयोग गरी रोजगारी सिर्जनामा पालिकाको बिशेष ध्यान केन्द्रित गरेका छौ ।नीजी क्षेत्र, गैरसरकारी संस्था, तथा विभिन्न सामुदायिक संघ- संस्थाको साझेदारी तथा सहभागिता मार्फत स्थानीय विकासमा योगदान पुग्ने विश्वास लिएका छौ ।

५. विकासप्रतिको गाउँवासीको तीव्र चाहाना र आवश्यकता तथा पालिकाको सामर्थ्यलाई ध्यान दिदै श्रोतसाधनको न्यायोचित परिचालन हुनेगरी विनियोजन कुशलता कायम गर्दै स्थानीय पूर्वाधार कृषि शिक्षा स्वास्थ्य सामाजिक क्षेत्रको विकासमा जोड दिदै आम नागरिकमा स्थानीय सरकारको उपस्थितीलाई महशुस गर्नेगरी बजेट विनियोजन गरेका छौ ।

६. गाउँपालिकाको भौगोलिक अवस्थिति, विकासको सम्भाव्यता एवम् श्रोतको उपलब्धता, जनसंख्याको वितरण समेतलाई दृष्टिगत गरी बजेटको सन्तुलित र न्यायोचित विनियोजनको प्रयास गरेका छौ ।

७. सभाध्यक्ष महोदय, सुरुमा म गत आ.व. २०८१/८२ को यर्थार्थ आय व्ययको विवरण पेश गर्दछु, जसमा आ.व.२०८१/८२ मा चालुमा ३९ करोड ४८ लाख २८ हजार ४ सय ३६ र पुँजिगत १५ करोड ९९ लाख ६२ हजार ७ सय २५ गरी कुल ५५ करोड ४७ लाख ९१ हजार १ सय ६० अनुमान गरिएकोमा यथार्थ व्यय ४५ करोड ८१ लाख ३५ हजार ६ सय ३६ रुपैया भएको थियो ।

८. **सभाध्यक्ष महोदय, अव म चालु आ.व. २०८२।०८३ मा विनियोजित बार्षिक वजेट कार्यान्वयनको अवस्था र हालसम्म भएको खर्च तथा देखिएको प्रगति सहितको आर्थिक अवस्थाको संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहान्छुः**

चालु आ.व. २०८२।०८३ का लागि रु ५६ करोड १४ लाख ९८ हजार ९ सय ४९ रुपैया को सुरु अनुमान अनुमान मध्ये चालु तर्फ रु ३९ करोड ५३ लाख २ हजार रुपैया र पूँजीगत तर्फ रु १६ करोड ६१ लाख ९६ हजार ९ सय ४९ रुपैया अनुमान (सामाजिक सुरक्षा वाहेक) सहित बार्षिक बजेट तथा कार्यक्रम पारित गरी कार्यान्वयन गरेका थियौ। मिति २०८३ असार ८ गते सम्म उक्त अनुमानित आय मध्ये रु ५० करोड २० लाख ६७ हजार १ सय ३३ रुपैया र ६ पैसा अर्थात कूल अनुमानको ८९ दशमलब ४२ प्रतिशत मात्र वास्तविक आय भएको छ । जस मध्ये रु ३१ करोड १७ लाख ७९ हजार ६ सय १० रुपैया र ६ पैसा अर्थात कूल आम्दानीको ५५ दशमलब ५२ प्रतिशत खर्च भैसकेको छ । कूल खर्चमध्ये चालुतर्फ रु २५ करोड २९ लाख ५७ हजार ४२ रुपैया र २० पैसा अर्थात कूल वास्तविक आयको ५० दशमलब ३९ प्रतिशत र पूँजिगत तर्फ रु ५ करोड ८७ लाख ८२ हजार ५ सय ६८ रुपैया अर्थात कूल वास्तविक आयको ३५ दशमलब ३६ प्रतिशत खर्च भएको छ । चालु आ.व. को जेष्ठ मसान्त सम्ममा संघीय समानिकरण अनुदान वापत प्राप्त हुनुपर्ने १० करोड ३ लाख मध्ये रु ८८ लाख १५ हजार ५० रुपैया र राजस्व बाँडफाँड वापत प्राप्त हुनु पर्ने रकम १० करोड ६४ लाख मध्ये रु ३ करोड ५८ लाख ३ सय ३८ रुपैया र १४ पैसा गरी कूल रु ४ करोड ६१ लाख ५३ हजार ३ सय ८८ रुपैया ३८ पैसा रकम अझै प्राप्त हुन सकेको छैन जसबाट चालु आ.व. मा कार्यसम्पन्न भइ भूक्तानीका लागि पेश भएका योजना तथा कार्यक्रमहरुको भूक्तानीको नगद प्रवाहमा समेत समस्या आउन सक्ने संम्भावना देखिन्छ ।

**सभाध्यक्ष महोदय**

चालु आ.व. को हाल सम्ममा विषय क्षेत्रगत रुपमा **आर्थिक विकासतर्फ** रु १ करोड ९ लाख २९ हजारमा ७ सय १६ रुपैया अर्थात आर्थिक विकासतर्फ विनियोजित बजेटको ३८ दशमलब ९२ प्रतिशत **सामाजिक विकास तर्फ** रु १७ करोड ८८ लाख ६९ हजार १ सय ६० रुपैया ६४ पैसा अर्थात सामाजिक विकासतर्फ विनियोजित बजेटको ५७ दशमलब ७ प्रतिशत **पूर्वाधार विकासतर्फ** रु ३ करोड ३५ लाख ८० हजार ४ सय ८० रुपैया अर्थात पूर्वाधार विकास तर्फ विनियोजित बजेटको ३६ दशमलब २ प्रतिशत **सेवा प्रवाह र सुशासन तर्फ** रु १२ लाख ९५ हजार २ सय २२ अर्थात सेवा प्रवाह र सुशासनतर्फ विनियोजित बजेटको ३९ दशमलब २५ प्रतिशत र **कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च तर्फ** रु ८ करोड ७१ लाख ५ हजार ३१ अर्थात कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चतर्फ विनियोजित कूल बजेटको ६८ दशलब ६५ प्रतिशत रकम खर्च भैसकेको अवस्था छ । यस आ व मा सञ्चालित ११ वटा क्रमागत ठुला योजनाहरु मध्ये सबै आयोजनाहरु सम्पन्न भैसकेका छन् ।

**सभाध्यक्षज्यू महोदय,**

**अब म** आ.ब.२०८३/०८४ को बजेटका प्राथमिकताका क्षेत्रहरु **प्रस्तुत गर्ने अनुमती चाहन्छुः**

१. आर्थिक विकास तथा गरिवी निवारण

२. उत्पादनमूलक तथा छिटो प्रतिफल लिने आयोजना

३. नागरिकको आम्दानी वृद्धि जीवनस्तर सुधार,

४. गुणस्तरीय र भरपर्दो पूर्वाधार विकास,

५. रोजगारी सिर्जना र गरिवी निवारण,

६. अधिकतम जनसहभागिता र जनशक्ति परिचालन,

७. दीगो विकास, वातावरण संरक्षण सरसफाई र स्वच्छता तथा विपद व्यवस्थापन

८. लैगिक समानता र सामाजिक संरक्षण

**सभाध्यक्ष महोदय,**

**अब म आ व २०८३।०८४ को बजेटका उद्धेश्यहरु प्रस्तुत गर्ने अनुमति चाहन्छुः**

१. सामाजिक, आर्थिक, लैंङ्गीक, धार्मिक, साँस्कृतिक असमानताको अन्त्य गर्दै समतामूलक र सामाजिक न्याय सहितको उन्नत समाजको निर्माण गर्ने,

२. स्थानीय स्तरमै रोजगारी सिर्जना गरी गरिवी न्यूनीकरण गर्ने,

३. आधारभूत भौतिक पूर्वाधार विकासका माध्यमबाट नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउने,

४. वैज्ञानिक कृषि प्रणाली अवलम्बन गरी कृषिको आधुनिकीकरण, विविधिकरण तथा व्यवसायीकरणमा जोड दिने,

५. लामो तथा छोटो अवधिका व्यवसायीक तथा सीपमुलक तालिमका माध्यमबाट सीपयुक्त जनशक्ति उत्पादन गरी रोजगारीको सिर्जना गर्ने,

६. आधारभूत मानवअधिकारको संरक्षण र सम्वर्धन गर्दै शिक्षा, स्वास्थ्य, स्वच्छ खानेपानी लगायत जनताको आधारभूत सेवा प्रतिको पहुँच सुनिश्चित गर्ने,

७. सूचनाको हकको प्रत्याभूति, पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार नियन्त्रण मार्फत सुशासन प्रवर्धन गर्ने,

८. राजश्व परिचालन, करको दायरा वृद्धि तथा राजश्व चुहावट नियन्त्रण गरी आन्तरिक आयमा वृद्धि गर्ने ।

**सभाध्यक्ष महोदय,**

**अव म आ.व. २०८३।०८४ को वार्षिक वजेट प्रस्तुत गर्न चाहन्छुः**

आ.व.२०८३।०८४ को लागि कूल आय अनुमान रु. ५८ करोड ५७ लाख ८० हजार रुपैया रहेको छ, कूल आय अनुमानको स्रोत देहाय वमोजिम हुने प्रक्षेपण गरिएको छ।

| क्र.स. | शीर्षक | सीमा |
|---|---|---|
| १ | संघीय राजस्व वाडफाँड | ११०५००००.०० |
| २ | संघीय वित्तीय समानीकरण | १०४७००००.०० |
| ३ | संघीय विशेष अनुदान | १४९०००००.०० |

| | | |
|---|---|---|
| ४ | संघीय सशर्त चालु | २४८१00000.00 |
| ५ | संघीय सशर्त पुजीगत | ७५00000.00 |
| ६ | संघीय समपुरक अनुदान | २२२00000.00 |
| ७ | प्रदेश वित्तीय समानीकरण | ६९५८000.00 |
| ८ | प्रदेश सवारी साधन कर | ११४८0000.00 |
| ९ | प्रदेश सशर्त अनुदान पुजीगत | ९000000.00 |
| १० | प्रदेश सशर्त अनुदान चालु | १000000.00 |
| ११ | प्रदेश समपुरक अनुदान | ७५00000.00 |
| १२ | आन्तरिक राजस्व | ११५३४१९८.00 |
| १३ | बैंक मौज्दात | ३0४0७८0२.00 |
| जम्मा | | ५८५७८0000.00 |

९. सन्तुलित वजेटको सिद्धान्त अनुसार अनुमानित रु. ५८ करोड ५७ लाख ८० हजार रुपैया रहेकोमा सोही वराबरको व्यय हुने गरी वजेट विनियोजन गरिएको छ । जसमध्ये ४१ करोड १८ लाख ४५ हजार रुपैया चालु खर्च तर्फका कार्यक्रमको लागि विनियोजन गरिएको छ भने पूँजीगततर्फ १७ करोड ३९ लाख ३५ हजार रुपैया विनियोजन गरिएको छ। यसरी कुल खर्चमा चालु खर्च र पूँजीगत खर्चको अनुपात क्रमशः ७० दशमलव ३० प्रतिशत र २९. दशमलव ७० प्रतिशत रहने अनुमान छ । क्षेत्रगत विकासका दृष्टिकोणले हेर्दा विनियोजित रकम मध्ये क्षेत्रगत व्यय अनुमान देहाय वमोजिम रहेको छ ।

- आर्थिक विकास तर्फः कृषि क्षेत्रको विकास विस्तार व्यवसायिकरण तथा आधुनिकिकरण, उद्योग तथा वाणिज्य क्षेत्रको विकास र विस्तार, पर्यटन प्रवर्धन, सहकारी र वित्तिय क्षेत्रको विकास र विस्तार जलस्रोत तथा सिंचाई विस्तार वन वातावरण तथा जलवायू सन्तुलन कायम राखि आर्थिक विकासका सूचकहरु मजवुत बनाउन संघीय सरकार र प्रदेश सरकारबाट सशर्त अनुदान मार्फत हस्तान्तरित कार्यक्रम बाहेक गाउँपालिकाबाट रु १ करोड ३१ लाख १० हजार रुपैया रकम विनियोजन गरिएको छ ।
- सामाजिक विकास तर्फः शिक्षा क्षेत्रको गुणस्तर अभिबृद्धि, आधारभूत स्वास्थ्य सेवाको पहुँचमा विस्तार, स्वच्छ खानेपानीको सुनिश्चितता तथा सरसफाई, संस्कृति प्रर्वद्वन, खेलकूद तथा मनोरञ्जन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सामाजिक सुरक्षा तथा संरक्षण युवाशक्तिको परिचालन समग्र विकास र विस्तारको लागि रु ४ करोड ६२ लाख ६५ हजार रकम विनियोजन गरिएको छ ।
- पूर्वाधार विकास तर्फः स्थानीय सडक, पुल तथा झोलुङ्गे पुल, सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत) र संचार क्षेत्रको समग्र विकास र विस्तारको लागि रु. १२ करोड १७ लाख ८५ हजार रुपैया रकम विनियोजन गरिएको छ ।

- वन, वातावरण तथा विपद व्यवस्थापन तर्फः वन तथा भू संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तत, फोहर मैला तथा ढल व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन र वारुण यन्त्र सञ्चालन आदि कार्यको लागि रु २० लाख रुपैया रकम विनियोजन गरिएको छ ।
- संस्थागत विकास सेवा प्रवाह र सुशासन तर्फः सामान्य सेवा, सुरक्षा व्यवस्थापन, सुचना प्रविधि, पञ्जिकरण व्यवस्थापन, स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन, सुशासन प्रर्वद्धन, अनुसन्धान तथा विकास श्रम तथा रोजगारी मानव संसाधन विकास सुशासन तथा अन्य अन्तरसम्वन्धित विषयहरुमा काम गर्नका लागि रु १२ करोड २१ लाख २० हजार रकम विनियोजन गरिएको छ

सभाध्यक्ष महोदय,

उल्लेखित बजेट मार्फत आर्थिक वर्ष २०८३/०८४ मा गर्न खोजिएको मुख्य मुख्य नीतिगत तथा कार्यगत सुधारका विषयहरु उल्लेख गर्न चाहान्छु।

१. राष्ट्रसेवक कर्मचारीहरुको मनोवल उच्च राखी सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन गाँउपालिकाको विनियोजित वजेटवाट तलब भत्ता भुक्तानी लिने राष्ट्रसेवक कर्मचारीहरुको आधारभूत तलवमानमा राष्ट्रिय नीतिअनुरुप दश प्रतिशतले वृद्धि गरिएको छ ।

२. शिक्षाको गुणस्तर वृद्धि गरी सवैका लागि निशुल्क शिक्षाको प्रत्याभूति दिलाउन तथा शिक्षा क्षेत्रमा प्रविधिको विकास गरी प्रविधिमैत्री शिक्षालाई क्रमश लागू गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

३. शिक्षा क्षेत्रको सुदृढीकरणका लागि विद्यालय पूर्वाधार निर्माण, प्रविधि जडान, शैक्षिक जनशक्तिको उत्प्रेरणा र मनोवल उच्च राख्न क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरिएको छ ।

४. सर्वसाधारणको आधारभूत स्वास्थ्य सेवाप्रतिको सहज पहुँच बृद्धि गर्न तथा नेपाल सरकारले निःशुल्क वितरण गर्ने औषधिहरुलाई पालिकामार्फत समेत निशुल्क उपलव्ध गराउने उद्धेश्यका साथ गाउँपालिकावाट सशर्त अनुदान बाहेक रु ८० लाख वजेट विनियोजन गरिएको छ।

५. वित्तीय क्षेत्र सुधार, वित्तीय जोखिम न्युनीकरण, राजश्व परिचालन, कर संकलन, अभिलेख व्ववस्थापन, लगायतका आन्तरीक नियन्त्रणको व्यवस्थापकीय कार्यका लागि आवश्यक रकम विजियोजन गरिएको छ ।

६. विपदवाट प्रभावित व्यक्ति र परिवारलाई आर्थिक सहायता उपलव्ध गराउन विपद् व्यवस्थापन कोष मार्फत खर्च व्यवस्थापन गर्न विपद् व्यवस्थापन कोषमा आवश्यक वजेट विनियोजन गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

अव म आर्थिक वर्ष २०८३/८४ को बजेट कार्यान्वयको लागि गाउँपालिका अन्तर्गतका शाखा तथा वडाहरुले संचालन गर्ने आयोजना तथा कार्यक्रम अन्तर्गतका क्रियाकलाप र विनियोजित रकम समेत सभा समक्ष वाचन गर्ने अनुमति चाहन्छुः

**सभाध्यक्ष महोदय,**

१. आर्थिक वर्ष २०८१/८२ को यथार्थ खर्च, आर्थिक वर्ष २०८२/८३ को संशोधित अनुमान र आर्थिक वर्ष २०८३/०८४ को शिर्षकगत तथा श्रोत सहितको क्रियाकलापगत व्यय अनुमान पेश गरिसकेको छु ।स्थानीय राजश्वलाई व्यवस्थित गरी आन्तरिक आय वृद्धि गर्न र स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको व्यवस्था गर्न आर्थिक विधेयक र सुनिलस्मृति गाउँपालिकाको संचित कोषबाट बजेट कार्यान्वयनको लागि आवश्यक रकम गर्न विनियोजन विधेयकमा संलग्न गरी यसै साथ यस सम्मानित सभामा पेश गरेको छु ।

२. आगामी आर्थिक वर्षको बजेट कार्यान्वियनबाट पुँजिगत खर्च परिचालनमा गुणात्मक सुधार आउने र खर्चको प्रभावकारीता अभिवृद्धि हुने अपेक्षा गरिएको गरेको छु ।

३. बजेट तर्जुमाको क्रममा अमुल्य मार्गदर्शन गर्नुहुने अध्यक्षज्यू, वडा अध्यज्यू, तथा कार्यपालिका सदस्यज्यूहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु ।यसैगरी बजेट निर्माणको प्रक्रियामा आफ्ना महत्वपुर्ण सुझावहरु प्रदान गरी सहयोग पुर्याउनहुने राजनीतिक दल, विभिन्न क्षेत्रका विज्ञ, निजी क्षेत्र, सहकारी क्षेत्र, विकास साझेदार, सञ्चार जगत र नागरिक समाज लगायत सम्पूर्ण सरोकारवालाहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

४. यस गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियामा नीति, योजना, तथ्याक संकलन विश्लेषण तथा आवश्यक प्राविधिक सहयोग प्रदान गरी बजेटलाई समानुकुल, यथार्थपरक र कार्यान्वयनमुखि बनाउन महत्वपूर्ण योगदान पुर्याउनुहुने सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु प्रति म हार्दिक धन्यावाद तथा उच्च सम्मान व्यक्त गर्दछु । उहाँहरुको मेहनत, समर्पण, व्यावसायिक दक्षता र सहकार्यले यस बजेटलाई अझ प्रभावकारी र जनमुखि बनाउन महत्त्वपुर्ण भूमिका निर्वाह गरेको भन्ने विश्वास व्यक्त गर्दै आगामी दिनमा पनि यस्तै रचनात्मक सहयोग प्राप्त हुने अपेक्षा गर्दछु ।

५. अन्तमा, प्रस्तुत बजेटले आर्थिक, सामाजिक तथा पुर्वाधार विकासका माध्यमबाट सुनिलस्मृति गाउँपालिकाको दोश्रो आवधिक योजनाले अघि सारेको **जनआकांक्षा पुरा गर्ने हाम्रो संकल्पः दिगो विकास र सुशासन मात्र विकल्प** को दीर्घकालीन सोचलाई साकार पार्न निर्णायक योगदान पुर्याउने विश्वास लिएको छु । सम्मुनत पालिका निर्माण गर्ने पवित्र ध्येयका साथ तयार गरिएको यस बजेटको सफल कार्यान्वयनमा सम्वद्ध सबै क्षेत्रबाट विगतमा जस्तै रचनात्मक, सकारात्मक एवम् निरन्तर सहयोग प्राप्त हुने अपेक्षा गर्दछु ।

धन्यवाद ।

सुनिलस्मृति गाउँपालिका
२०७३
सुलिचौर, रोल्पा